नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७७।०६।१९

# प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य एवं कान्तिपुर दैनिकका सम्वाददाता अवधेशकुमार झालाई समाचार संकलनका क्रममा प्रहरी उपरीक्षक राजेन्द्र धिमालद्वारा गरिएको दुर्व्यवहार र समाचार संकलनमा रोग लगाएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

पछिल्लो समय सप्तरीमा बलात्कार र महिला हिंसाको घटना वृद्धि भएसँगै यस्ता घटना रोकथाम तथा घटनामा संलग्नमाथि कानुनी कारबाहीको माग राख्दै आज सप्तरीका महिला अधिकारकर्मी र महिला जनप्रतिनिधिहरूद्वारा जिल्ला प्रहरी कार्यालयमा सप्तरीमा ‘डेलिगेसन’ गएका थिए । सोही विषयमा समाचार संकलनका लागि पुगेका केन्द्रीय सदस्य झालाई प्रहरी उपरीक्षक धिमालद्वारा अपमानपूर्ण ढंगबाट समाचार संकलनमा रोक लगाउँदै बाहिर निकालेका थिए ।

राज्यको सुरक्षाको जिम्मेवारी वहन गर्ने प्रहरीको जिम्मेवार अधिकारीबाट पत्रकारलाई यस किसिमले अपमान गर्दै समाचार संकलनमा रोग लगाएको यो घटना प्रेस स्वतन्त्रतामाथिको ज्यादती र हस्तक्षेप हो । महासंघ प्रहरीको यो ज्यादती कडा शब्दमा भर्त्सना गर्दछ । र, प्रेसको संवैधानिक अधिकारको सम्मान गर्न तथा यस्ता घटना नदोहोऱ्याउन सम्बन्धित निकायसँग माग गर्दछ ।

रमेश विष्ट
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org